# सुत्केरी अवस्थालाई संस्कृतिले पार्ने प्रभाव

प्रस्तोता
अनुपमकुमारी दास
परीक्षा रोल नं. : २१४०१२९
रजिष्ट्रेसन नं. : ९-३-०२१४-०३७५-२०११
शैक्षिकवर्ष : २०६८/२०६९

त्रिभुवनविश्वविद्यालयशिक्षाशास्त्र संकाय, स्वास्थ्य
तथा जनसङ्ख्याविभागअन्तर्गत स्नातकोत्तरतहएम.एड. दोस्रो वर्षको
स्वास्थ्यशिक्षा**(Pop. Ed. 598)** विषयको शोधपत्र लेखनकालागितयार पारिएको शोधपत्र

सुकुनाबहुमुखीक्याम्पस
स्वास्थ्यतथा जनसंख्याविभाग
सुन्दरहरैचा-१२, मोरङ
२०७५

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, एम. एड्. दोस्रो वर्षको ऐच्छिक विषय अन्तर्गत रहेको शोधपत्र अध्ययन गर्ने छात्रा अनुपम कुमारी दासले स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि “सुत्केरी अवस्थालाई संस्कृतिले पार्ने प्रभाव” शीर्षकमा अध्ययन कार्य मेरो निर्देशनमा पूरा गर्नु भएको छ । यस अध्ययन, निष्कर्ष र प्रस्तुतिकरणमा म सन्तुष्ट छु । यो अध्ययन प्रतिवेदन मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

जनार्दन गुरागाई

शोधनिर्देशक

सुकुना बहुमुखी क्याम्पस

## **स्वीकृती पत्र**

उपर्युक्त सम्बन्धमा सुकुना बहुमुखी क्याम्पसको शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (M. Ed.)

**स्वास्थ्य तथा जनसङ्ख्या विभाग (Pop. Ed. 598)** का विद्यार्थी **अनुपमा कुमारी दास**ले **सुत्केरी अवस्थालाई संस्कृतिले पार्ने प्रभाव** शीर्षकको शोधपत्र शोधनिर्देशक तथा सुपरिवेक्षकबाट वाह्य मूल्याङ्कनका लागि सिफारिस भई आएको हुँदा निजको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## **मूल्याङ्कन समिति**

| क. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री जनार्दन गुरागाईं | विभागीय प्रमुख | |
| २. | श्री जनार्दन गुरागाई | शोध निर्देशक | |
| ३. | | वाह्य परीक्षक | |

वाह्य परीक्षण गरिएको मिति :

इश्वी.सम्बत् :

# घोषणापत्र

म यो घोषाणा गर्दछु किसुन्दरहरैँचा न.पा. वार्ड नं. १मासुत्केरीअवस्थालाई संस्कृतिले पार्ने प्रभावविषयमाअध्ययनगरिएको छ । यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरूको पालन गरी तयार पारिएको छ । यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुबहु नसारी आफ्नो भाषाशैलीमातयार पारिएको छ । यो अनुसन्धानतयार पार्दासम्मआजभन्दा अगाडी कहिकतै पेश नगरी आफैले तयार पारेको छु ।

अनुपमकुमारी दास

एम. एड्. दोस्रो वर्ष

# कृतज्ञताज्ञापन

त्रिभुवनविश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्वास्थ्यतथा जनसंख्याविभाग सुकुनाबहुमुखीक्याम्पस अन्तर्गत एम. एड्. दोस्रो वर्षअन्तर्गतको शोधपत्र(Pop. Ed 598) को पाठ्यभार पुरा गर्न सुत्केरी अवस्थालाई संस्कृतिले पार्ने प्रभावशीर्षकमातयार पारिएको अनुसन्धानहो ।

यो शोधपत्र लेखनको सिलसिलामा अनेकौ समस्या र व्यवहारिक कठिनाई, सन्दर्भ सामग्रीको अभाव र ज्ञानको सिमितताकाकारण पूर्णताप्राप्तनहुन सक्छ । आफ्नो कार्यव्यस्तताकाबाबजुतपनिअमूल्य सल्लाह र सुझाव सहितमार्गदर्शन गर्नुहुने स्वास्थ्यतथा जनसङ्ख्याविभागकाविभागियप्रमुख साथै शोध निर्देशकश्री जनार्दन गुरागाई, आर. एस.सी. प्रमुखश्री गणेशप्रसाददाहाल र कृष्णप्रसादभुर्तेल लगायत सम्पूर्ण शिक्षकज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधपत्रतयार पार्न आर्थिक सहयोग गर्ने मेरो श्रीमान प्रविण कुमार कर्ण, सहयोग पुऱ्याउनु हुने सहयोगीमहानुभावहरु, सहपाठी साथीहरु तथाअध्ययन सामग्रीउपलब्ध गराएर सहयोग गर्ने उत्तरदाताहरु, सम्बन्धितव्यक्तिहरुलाई विशेष आभार प्रकट गर्दछु र कम्प्युटर टाइपिङमा सहयोग गर्नुहुने टिना कम्प्युटरखोर्सानेकाश्री यज्ञमणि निरौलालाई धन्यवाददिन चाहन्छु ।

अनुपमकुमारी दास

एम. एड्. दोस्रो वर्ष

# शोधसार

सुत्केरी अवस्थामा संस्कृतिले पार्ने प्रभावशीर्षकमा यो शोधपत्रतयार पारिएको छ । यो अनुसन्धान पुरा गर्नकालागिमोरङ जिल्लाअन्तर्गत सुन्दरहरैंचानगरपालिका वडा नं. १२ को न्युनतम १ सन्तानलाई जन्मदिएकी ३७५ जनामहिलालाई नमुनासंख्याको रुपमालिइएको छ र सम्बन्धितमहिलाहरुसँग प्रत्यक्षअन्तर्वार्ता सुचि, अवलोकनतथा छलफलको माध्यमबाट प्राप्ततथ्याङ्कलाई गुणात्मक तथा परिमाणात्मक ढाँचा अन्तर्गत तुलनात्मक रुपमाप्रयोग तथाविश्लेषण गरिएको छ । ३७५ जनामहिलालाई सम्भावना रहितनमुना छनौट अन्तर्गत उद्देश्यमूलकनमुना छनौट प्रकृयाद्वारा छनौट गरिएको छ । यस अनुसन्धानका उद्देश्यहरु सुत्केरी अवस्थामा संस्कृतिले सकारात्मक र नकारात्मकप्रभावहरु पत्तालगाउनु, सुत्केरी अवस्थामा देखापर्ने पारिवारिक प्रभावपत्तालगाउनु र नकारात्मकप्रभावहरुको न्युनिकरण गर्ने उपायहरु पत्तालगाउनु रहेका छन् ।

यहाँहिन्दु धर्मावलम्बीको बाहुल्यता र कृषी पेशामा बढी संख्यामामहिलाहरुको सम्लग्नता रहेको देखिन्छ । अध्ययन क्षेत्रमा २० वर्ष भन्दाकमउमेरमाविवाहगर्ने महिला संख्या ५९.४७प्रतिशत रहेको छ । ३० वर्षको उमेरपछि विवाहगर्ने महिला संख्या १.८७प्रतिशतमात्र रहेको छ । सुत्केरी अवस्थामा स्वास्थ्य परीक्षण गराउनु पर्ने कुरामाबाहुन समुदायका ५८.८२ प्रतिशत, नेवार, थारु, तेली र कुम्हार समुदायकाक्रमशः ५.८८, ६२.५, ६२.५ र ६६.६७प्रतिशतमहिलाले सुत्केरी अवस्थामा स्वास्थ्य परीक्षण नगराएको पाइन्छ । सुत्केरी महिलाको हेरचाहगर्न आवश्यक छैन भन्ने महिला७४.६७प्रतिशत रहेको देखिन्छ भने सुत्केरी महिलाले १५ दिनआरामगर्दा पुग्छ भन्ने महिला संख्या७९.४७प्रतिशत रहेको छ । गर्भावस्थामाआराममात्रगर्नुपर्ने कुरामा २.४ प्रतिशतमात्र रहेको पाइन्छ । परिवारको सदस्यमध्ये श्रीमानको सहयोग पाउनेको संख्या ५२ प्रतिशत रहेको पाइन्छ । सुत्केरीको सही परिभाषादिने महिलासंख्या १५.४७प्रतिशतमात्र रहेको देखिन्छ । सुत्केरी अवस्थामाथपखानाखानुपर्ने सम्बन्धी १३.३३ प्रतिशतमहिलालाई जानकारी नरहेको देखिन्छ । पहिलो खानाको रुपमाकुम्हार र तेली समुदायको क्रमशः ३५ र ६८ जनाले मरीचको धुलो र तोरीको तेल प्राप्त गरेको देखिन्छ भने थारु समुदायको ६० जनाले अदुवा, नुन र भात, त्यसैगरी नेवार समुदायको ७५ जनाले कुखुराको झोल र भात साथै बाहुन समुदायको ६५ जनामहिलाले ज्वानोको झोल प्राप्त गरेको देखिन्छ । कुम्हार र तेली समुदायमाआमाले ६ दिन पछी र बच्चालाई जन्मीएकै दिननुहाउनुपर्ने कुरामाबहुमत रहेको पाइन्छ भने थारु

समुदायमाआमा र बच्चादुवैले ६दिन पछि नुहाउनु पर्ने कुरामाबहुमत रहेको देखिन्छ ।कपालकोर्न नहुने विषयमा सबैभन्दा बढी तेली समुदाय र दात सफागर्न ब्रस र टुथपेस्टको प्रयोग गर्न नहुने कुरामा सबैभन्दा बढी थारु समुदायकामहिलाहरुको सहमती रहेको देखिन्छ । सुत्केरी अवस्थामाबाहिर निस्कनहुँदैन भन्ने पक्षमा तेली समुदायको ४५ जना र थारु समुदायको ४८ जनामहिलाको सहमती रहेको देखिन्छ । सुत्केरी अवस्थामाचर्पीको प्रयोग गर्ने सबैभन्दाकममहिलासंख्याथारु र तेली समुदायको रहेको देखिन्छ भने सबैभन्दा बढी चर्पी प्रयोग गर्नेसमुदायबाहुन र नेवार महिलाहरु रहेको पाइन्छ । सन्तानजन्माउनपारिवारिक दबाब रहेको बताउने महिलासंख्या७३.३३ प्रतिशत रहेको छ । त्यसैगरी आर्थिक उन्नतीले सुत्केरी अवस्थालाई प्रभाव पार्छ भनी सहमतीजनाउनेमा ६७.४७प्रतिशतमहिला संख्या रहेको देखिन्छ । बच्चालाई विगौतीदुधनखुवाउने आमाको संख्या तेली र कुम्हार समुदायमा २५-२५ जना, थारु समुदायमा २० जना र बाहुनतथा नेवार समुदायमाक्रमशः ५ र ७जना रहेको देखिन्छ ।

सुत्केरी अवस्थामाआमा र बच्चादुवैको लागि महत्वपूर्ण अवस्थाहुनाले विशेष हेरचाहको आवश्यकता पर्ने गर्दछ । सुत्केरी महिलाले आरामगर्नुपर्ने हुन्छ, सरसफाइमाविशेष ध्यानदिनुपर्दछ, पौष्टीक खानाखानुपर्ने हुन्छ र समय समयमा स्वास्थ्य परीक्षण समेत गराउनुपर्दछ । सुत्केरी सम्बन्धी सहीजानकारी सुत्केरी महिलातथा परिवारलाई निजी, सरकारी तथा गैह्र सरकारी स्तरबाट विभिन्नकार्यक्रममार्फत प्रदानगरिनु पर्दछ । जसकारण संस्कृतिले पार्ने नकारात्मक र सकारात्मक असरलाई सजीलै पहिचान गरी सकारात्मकपक्षलाई निरन्तरतातथानकारात्मक असरलाई न्यूनीकरण गर्न सक्ने क्षमताको विकास हुन जान्छ साथै पारिवारिक सम्बन्धपनी राम्रो हुन जान्छ र परिवारबाट पाउनुपर्ने आवश्यक सहयोग सुत्केरी महिलालाई प्राप्त हुन्छ ।

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| घोषणापत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृतिपत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | ङ |
| विषयसूची | च |
| सङ्क्षिप्तशब्दको पूरा रुप | झ |

**परिच्छेद-एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको उद्देश्य | ८ |
| १.४ अध्ययनको महत्व | ८ |
| १.५ अध्ययनको परिसीमा | ९ |
| १.६ प्रयोगभएका महत्वपूर्ण शब्दको परिभाषा | १० |

**परिच्छेद - दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन**

| | |
|---|---|
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ११ |
| २.२ व्यवहारिक साहित्यको पुनरावलोकन | १४ |
| २.३ पुनरावलोकनको उपदेयता | १८ |
| २.४ अवधारणात्मक ढाँचा | १८ |

## परिच्छेद - तीन

## अध्ययनविधि


| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा | २१ |
| ३.२ अध्ययनको जनसङ्ख्या | २१ |
| ३.३ नमुनाको स्रोत | २१ |
| ३.४ नमुनाको आकार | २१ |
| ३.५ नमुना छनोटविधि र प्रक्रिया | २२ |
| ३.६ तथ्याङ्क सङ्कलनका साधन र तरिका | २२ |
| ३.७तथ्याङ्कको व्याख्या र विश्लेषणप्रक्रिया | २२ |


## परिच्छेदचार

## तथ्याङ्कको व्याख्यातथाविश्लेषण


| | |
|---|---|
| ४.१ सामाजिकतथाआर्थिक अवस्थाअध्ययन | २३ |
| ४.१.१ धार्मिक अवस्था | २३ |
| ४.१.२ शैक्षिकअवस्था | २४ |
| ४.१.३ पेशागतअवस्था | २५ |
| ४.१.४ वैवाहिकअवस्था | २६ |
| ४.१.५उमेरगतबनोटको अध्ययन | २७ |
| ४.२ सुत्केरी अवस्थासँग सम्बन्धितअध्ययन | २८ |
| ४.२.२ गर्भावस्थामा स्वास्थ्य परिक्षण गराइएको सम्बन्धिअध्ययन | २९ |
| ४.२.३ सुत्केरी अवस्थामा स्वास्थ्य परिक्षण गराउने सम्बन्धिअध्ययन | ३० |
| ४.२.४ गर्भावस्थामागरिने कार्यसम्बन्धीअध्ययन | ३३ |
| ४.२.५ काम र परिवारको सहयोग सम्बन्धिअध्ययन | ३४ |
| ४.२.६ सुत्केरी सम्बन्धीअवधारणाको अध्ययन | ३५ |
| ४.२.७ सुत्केरी अवस्थाको खाना सम्बन्धिविवरण | ३६ |
| ४.२.८ सुत्केरी अवस्थाको वातावरणिय तथा सरसफाई सम्बन्धीअध्ययन | ४० |
| ४.२.९बच्चाको जन्ममा परिवारको नकरात्मकदबाबको अध्ययन | ४६ |
| ४.२.१० आर्थिक उन्नतिले सुत्केरी अवस्थामापारेको प्रभाव सम्बन्धीअध्ययन | ४६ |

४.२.११ विगौतिदुध सम्बन्धीअध्ययन ४७
४.३ प्राप्तिर सारांश ४८
४.३.२ सारांश ५१

## परिच्छेद- पाँच : निष्कर्ष र सुझाव

५.१निष्कर्ष ५३
५.२ सुझावहरु ५४
५.२.१ सुधारकालागि सामान्य सुझावहरु ५४
५.२.२ नीतिगततहमा सुझाव ५४
५.२.३अभ्यासकर्ताकालागि सुझाव ५५
५.२.३ अनुसन्धानकर्ताकालागि सुझाव ५५
**सन्दर्भ सूची**
**अनुसूची**

# संक्षिप्तशब्दको अर्थ

| | |
|---|---|
| CBS | Central Bureau of Statistics |
| MOH | Minister of Health |
| TU | Tribhuwan University |
| UNFPA | United Nations Fund for Population Activities |
| USATD | United States Agency for international development |
| WHO | World Health Organization |
| UCLH | University Cottage LondonHospital |